मिति २०८३/३/०९ गते तदअनुसार ने.सं. ११४६ तछलाथ्व नवमी मंगलवार दिनको १:०० वजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर उप प्रमुख श्री सुर्यमाया दनुवारको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६४ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| २. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ३. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ४. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ५. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ६. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ७. | श्री सुन्दर तामाङ | सदस्य | |
| ८. | श्री सिताराम ढुंगाना | सदस्य | |
| ९. | श्री रामशरण दुलाल | सदस्य | |
| १०. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| ११. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १२. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १३. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १४. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १५. | श्री सुकुविर तामाङ | सदस्य | |
| १६. | श्री यसोदा वसेल | सदस्य | |
| १७. | श्री सृजना परियार | सदस्य | |
| १८. | श्री सरस्वती फैजु | सदस्य | |
| १९. | श्री सुमित्रा खरेल | सदस्य | |
| २०. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २१. | श्री माइली दनुवार | सदस्य | |
| २२. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २३. | श्री बालकृष्ण रोक्का | सदस्य | |
| २४. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

**बैठक संख्याः-१६४**

**मितिः-२०८३/३/९**

**नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु**

१. समवेदना सम्बन्धमा।
२. आ.व. २०८३/८४ को आय व्यय(बजेट) नगर सभामा पेश गर्ने सम्बन्धमा।
३. आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यकम संशोधन रकमान्तर तथा स्रोतान्तर नगर सभामा पेश गर्ने सम्बन्धमा।
४. आ.व. २०८३/८४ को निति तथा कार्यक्रम नगर सभामा पेश गर्ने सम्बन्धमा।
५. आ.व. २०८३/८४ को आर्थिक विधेयक नगर सभामा पेश गर्ने सम्बन्धमा।
६. आ.व. २०८३/८४ को विनियोजन विधेयक नगर सभामा पेश गर्ने सम्बन्धमा।
७. आ.व. २०८१/८२ को शाखाहरुको वार्षिक प्रगती सम्बन्धमा।
८. विभिन्न आ.व.को नियमित गर्ने बेरुजु समपरिक्षणको लागि नगर सभा समक्ष पेश गर्ने सम्बन्धमा।
९. इन्टरनेट सेवा सम्झौता नविकरण गर्ने सम्बन्धमा।
१०. एभरेष्ट नेपाल कल्चरल ग्रुपको रकम भुक्तानी सम्बन्धमा।
११. रिना फाउण्डेशनको बिल बमोजिमको रकम भुक्तानी सम्बन्धमा।
१२. पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाई बोर्ड २०८३ विधेयक सम्बन्धमा।
१३. पाँचखाल नगरपालिका नगर प्रहरी ऐन(पहिलो संशोधन) विधेयक २०८३, सम्बन्धमा।
१४. आर्थिक सहयोग/सहायता सम्बन्धमा।
१५. योजना अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१६. विविध।

**बैठक संख्या १६४**

**मिति २०८३/३/९**

**नगरकार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १**

पाँचखाल नगरपालिकाका नगर प्रमुख श्री महेश खरेलज्यूको पिता माननीय पूर्व मन्त्री श्री राजेन्द्र खरेलको असमायीक निधन प्रती शोक व्यक्त गर्दै मृत आत्माको चीर शान्तीको कामना गर्दै नगर प्रमुखज्यू सहित समस्त परीवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

पाँचखाल नगरपालिकाको आ.व. २०८३/८४ को प्रस्तावित आय-व्यय(बजेट) स्वीकृत गरी १९औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

आर्थिक प्रशासन शाखाबाट प्राप्त भए बमोजिमको संलग्न अनुसूची बमोजिम चालु आ.व.को वार्षिक कार्यक्रम संशोधन/रकमान्तर तथा स्रोतान्तर गरी १९ औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

पाँचखाल नगरपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी १९औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

पाँचखाल नगरपालिकाको आ.व. २०८३/८४ को आर्थिक विधेयक स्वीकृत गरी १९औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

पाँचखाल नगरपालिकाको आ.व. २०८३/८४ को विनियोजन विधेयक स्वीकृत गरी १९औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आ.व. २०८२/८३ को विषयगत शाखाहरुबाट प्राप्त वार्षिक प्रतिवेदन/प्रगती स्वीकृत गरी १९औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

लेखा समितिबाट स्वीकृत गरी सम्परिक्षणको प्रयोजनार्थ प्राप्त विभिन्न आ.व. को नियमित गर्ने तपसिल बमोजिमको वेरुजु नियमित गरी महालेखा परिक्षकको कार्यालयमा सम्परिक्षणको लागि पठाउन स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

निर्णय नं. ९

यस नगरपालिकाको सबै वडाहरुमा इन्टरनेटको वैकल्पिक लाइनको व्यवस्था नभएकोले हाल सेवा लिइ रहेको एरोनेट प्रा.लि. त्रिपुरेश्वर, काठमाण्डौंसँग आगामी आ.व. २०८३/८४ को लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो।

निर्णय नं. १०

अन्तराष्ट्रिय कलाकारहरुको सहभागीतामा यस पाँचखाल नगरपालिकामा एभरेष्ट नेपाल कल्चरल ग्रुपले आयोजना गर्दाको सांस्कृतिक कार्यक्रममा सहभागीहरुको बसोवास खर्च, गाडी भाडा र साउण्ड सिष्टमको बिल मध्य रु.३,५२,०००/-(अक्षेरेपी तीन लाख बाउन्न हजार) एभरेष्ट नेपाल कल्चरल ग्रुपलाई र रु.१,६५,०००/-(अक्षेरेपी एक लाख पैसठ्ठी हजार) कार्यक्रमको दिनमा भएको हल भाडा र खाना खर्च अर्पण बैंङकेटलाई भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ११

वडास्तरीय स्वीकृत कार्यक्रम अनुसार रिना फाउण्डेशनले पाँचखाल नगरपालिका वडा नं १३ मा आयोजना गरेको सांस्कृतिक कार्यक्रम बापतको रकम सम्बन्धित शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १२

विधायन समितिबाट पेश भएको पाँचखाल नगरपालिका खानेपानी तथा सरसफाई बोर्ड २०८३ विधेयक स्वीकृत गरी १९ औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १३

विधायन समितिबाट पेश भएको पाँचखाल नगरपालिकाको नगर प्रहरी ऐन (पहिलो संशोधन) विधेयक, २०८३ स्वीकृत गरी १९ औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं. १४

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सृजन दनुवार | पा.न.पा. १२ | १००००/- | मृगौलामा समस्या |
| २ | भगवती गौतम | पा.न.पा. १० | १००००/- | औषधी उपचार |
| ३ | केशव प्रसाद सिटौला | पा.न.पा. १२ | १००००/- | आन्द्रामा समस्या |
| ४ | मृतक केदार प्रसाद ढुंगाना | पा.न.पा. ५ | १००००/- | काजक्रिया |
| ५ | सावित्री दर्जी | पा.न.पा. ६ | १००००/- | मृगौलामा समस्या |
| ६ | चिनि माया तामाङ | पा.न.पा. १ | १००००/- | मुटुमा समस्या |
| ७ | कृष्ण गुरुङ | सिद्धिचरण न.पा. ओखलढुङ्गा | २००००/- | मुटुमा समस्या |

निर्णय मुताबिक

निर्णय नं. १५

अनुगमन समितिबाट जेठ महिनामा अनुगमन भएका तपसिल बमोजिमका योजनाहरुका अनुगमन प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १६(विविध)

१.पाँचखाल नगरपालिका वडा नं ९ र बृहत चण्डीपूर्णिमा सांस्कृतिक कार्यक्रम गर्न वडा नं ९ कार्यालय र समिति विच भएको सम्झौता बमोजिम आयोजना गरिएको सांस्कृतिक कार्यक्रमको रकम सम्बन्धित शीर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

२.पाँचखाल नगरपालिकाले प्रयोगमा ल्याई रहेको सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिको बागमती प्रदेश ०१०२७ च ७४९० नं को पिक अप गाडी मर्मत गर्दा लागेको बिल बमोजिमको रकम सवारी साधन मर्मत खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो साथै उक्त गाडी आवश्यकता अनुसार नगरपालिकाको अनुगमन लगायतका कार्यमा नगरपालिकाले प्रयोग गर्ने र गाडी प्रयोग गर्दा इन्धन समेत नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो। ।

३.स्वास्थ्य विमाकर्ता सहयोगिलाई मासिक रु.२००/-(दुई सय) संचार खर्च, त्रैमासिक बैठकको यातायात खर्च रु.५००(प्रति व्यक्ती) र खाजा खर्च प्रति बैठक रु.२००(दुई सय) का दरले दिने निर्णय गरियो।

४. सुनकोशी खानेपानीको प्राविधिक इष्टिमेटमा छुट ५०mm पाइप PN16 पाइपको प्राविधिक इष्टिमेट बमोजिमको रकम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट उपलब्ध गराउने भनी पूर्व निर्णय भएकोमा उक्त कार्यको लागि आवश्यक रकम रु.१०,००,०००/-(अक्षेरेपी दस लाख) सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो।

५.पाँचखाल नगरपालिका वडा नं ८ स्थित जनता मा.वि. होक्सेलाई २०८२ सालको एस.ई.ई. परिक्षा दिने परिक्षार्थीहरुलाई दैनिक रुपमा बसबाट परिक्षा केन्द्रसम्म लाने लैजाने गर्दा लागेको बसको भाडा रु.२०,०००/- विविध कार्यक्रम खर्च शीषकबाट भुक्तानी गर्ने निर्णय गरियो।

६.पूर्वाधार विकास शाखाबाट पेश भए बमोजिम हाल निर्माण कार्य भईरहेको PMW1/NCB/WORKS/02/2082/83 ठेक्काको लागि थप लागत अनुमान रु.३,२९,२२२.३१ बराबरको भेरियशन आदेश स्वीकृत गर्ने निर्णय गरियो।

७.पूर्वाधार विकास शाखाबाट पेश भए बमोजिम हाल निर्माण कार्य भईरहेको PMW1/NCB/WORKS/01/2082/83 र PMW9/NCB/WORKS/01/2082/83 ठेक्काको लागि २०८३ मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

*( बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।।)*

निर्मल प्रजापति